Email: info@shuklaphantamun.gov.np
ito.shuklaphantamun@gmail.com
Web: www.shuklaphantamun.gov.np
Tel: +977-99-540010

# शुक्लाफाँटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.स.: २०७८/०७९

शुक्लाफाँटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

मितिः २०७९/०२/३१

## गणक रोष्टरमा सूचीकृत हुने सूचना

प्रस्तुत विषय सम्बन्धमा यस शुक्लाफाँटा नगरपालिका कंचनपुरको सूचना प्रविधिमा आधारीत एकीकृत स्थानीय तह बस्तुस्थिति विवरण तयारीका लागि तथ्याङ्क संकलन गर्न गणक पदको लागि देहायको विवरण सहित १८ देखि ४० बर्ष उमेर सम्म शुक्लाफाँटा नगरपालिकामा स्थायी बसोबास गर्ने ईच्छुक नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा सूचिकृत हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

तपसिल:

१. निवेदन
२. फोटो सहितको Bio-Data
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
४. शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपी (कम्तिमा प्रविणता प्रमाणपत्र तह)
५. कम्प्युटर तालिमको प्रमाणपत्र प्रतिलिपि
६. गणक सम्बन्धि कार्य गरेको भए सो को अनुभवको प्रमाणपत्र प्रतिलिपी

शुक्लाफाँटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय झलारी, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

## गणक छनौट प्रकृया तथा कार्यशर्तहरु

**(क) छनौट प्रकृयाः**

१. सूचिकृत स्वयंसेवी गणकहरू मध्ये लिखित परिक्षा (बहु बैकल्पिक वस्तुगत प्रश्नपत्र गुगल फर्मको माध्यम बाट) बाट प्राप्त प्राप्ताङ्कको आधारमा वडागत योग्यताक्रम सूची तयार गर्ने

२. प्रत्येक वडाको योग्यताक्रम अनुसारको सूचीमा सबैभन्दा माथिल्लो योग्यताक्रमका आवेदकहरूमध्ये ३ जना स्वयंसेवी गणकहरूलाई कार्यशर्तको अधिनमा कार्यसम्पादन् सम्झौता गरि काममा लगाउने ।

३. कुनै वडामा ३ जना भन्दा कम आवेदकहरूमा रहेको भए, बाकी आवेदकहरूको नगर स्तरको योग्यक्रम सूचीतयार गरी सूचीको माथिल्लो योग्यताक्रममा रहेका गणकलाई कार्यशर्तको अधिनमा कार्यसम्पादन सम्झौता गरि काममा लगाउने ।

**(ख) कार्यशर्त (TOR):**

१. स्थानीय तहबाट उपलब्ध गराईने iLG-Profile को तालिममा सहभागि हुने ।

२. सूचना प्रविधि अधिकृत वा स्वयंसेवी सुपरीवेक्षकको सहयोगमा आफ्नो एन्ड्रोईड स्मार्टफोन मोबाईल मा ILG Profile को एप जडान गरी सो को प्रयोगकर्ता संकेत तथा पासवर्ड लिने।

३. एपको सञ्चालन पुस्तिका (Operation Manual) गहन अध्ययन गरी प्रकृयागत स्पष्टता हासिल गर्ने । वडा अध्यक्ष, वडा सदस्य, वडा सचिव र अन्य कर्मचारीको निकटतम समन्वयमा रही घरधुरी सर्वेक्षणको कार्यतालिका बनाई विवरण संकलन गर्ने।

५. प्रत्येक घरधुरीमा गई सो घरको जियोकोड (Geocode) सहितको पूर्ण विवरण सत्यतथ्य सहित संकलन गर्ने ।

६. संकलित विवरणलाई केन्द्रीय सर्भरमा अपलोड भएको सुनिश्चित गर्ने ।

७. ILG-Profile को App को भरपर्दो सञ्चालनका लागि आवश्यक प्राविधिक तयारी गर्ने र कार्यसम्पादनको क्रममा कुनै प्राविधिक समस्या आएमा सूचना प्रविधि अधिकृत वा स्वयंसेवी सुपरीवेक्षकको सहयोग लिने ।

८. विवरण संकलनको क्रममा कुनै घरधुरीबाट अपेक्षित सहयोग प्राप्त हुन नसकेमा बडा अध्यक्ष बड़ा सदस्यको आवश्यक सहयोग लिई कार्य सम्पन्न गर्ने ।

९. कार्य सम्पादनको दैनिक प्रगति विवरण सूचना प्रविधि अधिकृत र स्वयंसेवी सुपरीवेक्षकलाई उपलब्ध गराउने।

**स्वयंसेवी गणको न्यूनतम योग्यताः**

१. प्रविणता प्रमाणपत्र तह १२ कक्षा पास सरह उत्तीर्ण ।

२. आफ्नै एन्ड्रोइड स्मार्टफोन मोबाइल भएको र एन्ड्रोइड स्मार्टफोन संचालन सम्बन्धि आवश्यक ज्ञान भएको।

३. युनिकोड नेपाली टाइपिङमा दक्षता भएको ।

३. तथ्याङ्क संकलन सम्बन्धि ज्ञान, अनुभव भएको ।

प्रमुख प्रशासकीय अधिकृत